# घोराही उप-महानगरपालिका
# खेलकुद विकास समिति, दाङ

पत्र संख्या : ०८१/०८२
चलानी नं.: ३२

मिति : २०८१/०७/०६

श्रीमान् वडाअध्यक्ष ज्यू,
वडा नं. १ देखि १९ को कार्यालय
घोराही उप-महानगरपालिका, दाङ ।

**विषयः अन्तर वडा स्तरीय मेयर कप क्रिकेट प्रतियोगिता २०८१ सहभागी सम्बन्धमा ।**

प्रस्तुत विषयमा घोराही उप-महानगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा तपसिल अनुसार मिति, समय र स्थानमा **अन्तर वडा स्तरीय मेयर कप क्रिकेट प्रतियोगिता २०८१** सञ्चालन हुने भएकोले त्यस वडाबाट खेलाडीहरु छनौट गरी मिति **२०८१/०७/१२ गते दिनको २ बजे** सम्म यस नगर खेलकुद विकास समिति, घोराहीको कार्यालय (घोराही उ.म.न. पालिका १४ को वडा कार्यालय भवन) मा **दर्ताको** लागि सो वडाबाट सिफारीस गराईदिनु हुन अनुरोध छ ।

<u>तपसिल</u>

मितिः २०८१/०७/२४ गते देखि

समयः दिनको ११:०० बजे उद्घाटन

खेल हुने स्थानः घोराही उप-महानगरपालिका-१७, गुलरिया खेलमैदान, दाङ

खेल संयोजकः देब बहादुर भण्डारी ९७४५९२४५१८

सदस्यः श्रवण कुमार खनाल ९८४७८५६७८९

नरेन्द्र पुन मगर
संयोजक

घोराही उप-महानगरपालिका
दाङ
दर्ता नं. २५००
मिति ६/७

# घोराही उप-महानगरपालिका अन्तर वडा स्तरीय क्रिकेट प्रतियोगिता २०८१ को आचार संहिता यस प्रकार रहेको छ ।

१. T-20 फर्मेटमा क्रिकेट खेल खेलाइने छ ।

२. खेल ICC को नियम अनुसार खेलाइने छ ।

३. वडाको टिममा १४ जना खेलाडी हुनु पर्नेछ जसमा ४ जना खेलाडी घोराही उप-महानगरपालिका, भित्रका, अन्य पालिका तथा अन्य जिल्लाका राख्न पाइने छ ।

४. एक जना टिम कोच र १ जना टिम व्यवस्थापक अनिवार्य वडाको टिममा हुनुपर्नेछ ।

५. सहभागी खेलाडी उक्त वडाको स्थायी बासिन्दा हुनु पर्नेछ ।

६. सहभागी खेलाडीको सो वडामा बसेको प्रमाणहरु पछि सम्म फरक नपर्ने गरि नागरिकता, बसाइसराई, मतदाता परिपत्र र जन्मदर्ता मध्ये कुनै १ परिचय खुल्ने प्रमाण सहित हालसालै खिचेको १ प्रति पासपोर्ट साइजको फोटो अनिवार्य हुनु पर्नेछ ।

७. घोराही उप-महानगरपालिका, दाङ बाहेकका अन्य खेलाडीले परिचय खुल्ने कागजात पेश गरि खेलमा सहभागी गराइनेछ ।

८. खेल हुनु भन्दा १ घण्टा अगाडि यदि कुनै पनि वडाको टिमले अर्को वडाको टिमको खेलाडीलाई प्रोटेष्ट गरेमा घोराही उप-महानगरपालिका, दाङको पञ्जिकरण शाखाको सहयोग लिइ सो वडाको खेलाडी फर्जी भेटिएमा सो वडाको क्रिकेट टिमलाई प्रतियोगिता बाट निष्कासन गरिनेछ ।

९. प्रोटेष्ट गर्नुपरेमा रु.३०००/- (तिन हजार रुपैंयाँ मात्र) आयोजकलाई बुझाउनु पर्नेछ । प्रोटेष्ट सफल भएमा ५०% फिर्ता हुने छ । प्रोटेष्ट असफल भएमा १००% आयोजकको हुने छ । प्रोटेष्ट सफल भई कुनै पनि वडाको टिम निष्कासन भएमा सो वडाको टिमले जरिवाना स्वरुप रु.५०००/- आयोजकलाई बुझाउनु पर्नेछ ।

१०. हरेक वडाले पिउने पानी, खाजा, मेडिकल सामान, खेलमा प्रयोग हुने खेल सामाग्री, यातायात खर्च आफै व्यवस्था गर्नु पर्नेछ ।

११. खेल नकआउट अनुसार खेलाइने छ ।

१२. हरेक वडाका खेलाडीहरु जर्सीमा हुनु पर्नेछ ।

१३. कुनै पनि खेलाडी घाइते भएमा प्राथमिक उपचार आयोजकले गर्नेछ भने बाकी उपचार सो वडाले गर्नुपर्नेछ ।

१४. यदि कुनै पनि वडाको टिम निर्धारित समय ३० मिनेट सम्ममा उपस्थित नभएमा खेल ओभर घटाउनुको साथै प्रतियोगिताबाट बञ्चित सम्म गर्न सकिनेछ ।

१५. आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१६. प्रोटेष्ट पहिलो बल शुरु हुनु भन्दा अगाडी गर्नुपर्नेछ सो भन्दा पछाडी गर्न पाईने छैन

१७ प्रोटेष्ट सेमिफाइनल पुगेपछि फाइनल सम्म कुनै पनि वडाले गर्न पाउने छैन ।

घोराही उप-महानगरपालिका खेलकुद विकास समिति, दाङ